# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा कास्की ।

## कर्मचारी सेवा करारमा लिने सम्वन्धी सुचना

सुचना प्रकाशित मिति : २०७४/०८/२९

मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको लागि १ जना सिभिल इन्जिनियर, १ जना अमिन र १ जना हलुका सवारी चालक करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरीक हरुले यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र दिनको ४:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्वन्धीत सवैको जानकारी लागि यो सुचना प्रकाशित गरिएको छ । आवश्यक विस्तृत विवरण देहाय बमोजिम रहेको छ ।

१. **कार्य अवधि :** सेवा करार अवधि २०७५ असार मसान्त सम्मको हुनेछ र निजको कार्यसम्पादन मुल्यांकनका आधारमा सालवसाली म्याद थप हुन सक्नेछ ।

२. **शैक्षिक योग्यता र अनुभव :**

**क. इन्जिनियर**

१. इन्जिनियरका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट Civil Engineering मा स्नातक उर्तिण भएको ।
२. नेपाली नागरीक ।
३. २१ वर्ष उमेर पुरा भई ४० ननाघेको ।
४. नेपाल इन्जिनियरिङ्गकाउन्सिलमा दर्ता भएको दर्ता प्रमाणपत्र प्राप्त गरेको ।
५. अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको ।

**ख. अमिन (सर्वे समुह, इन्जिनियरिङ्ग सेवा)**

१. अमिन लागि मान्यता प्राप्त शिक्षण संस्था वाट १५ महिने अमिन तालिम प्राप्त गरेको ।
२. नेपाली नागरीक ।
३. २१ वर्ष उमेर पुरा भई ४० ननाघेको ।
४. अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको ।

**ग. सवारीचालक :**

१. सवारी चालक अनुमती पत्र प्राप्त गरेको ।
२. सामान्य लेखपढ गर्न सक्ने ।
३. नेपाली नागरीक ।
४. २१ वर्ष उमेर पुरा भई ४० ननाघेको ।
५. अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको ।

३. **पारिश्रमिक :** नेपाल सरकारवाट प्राप्त हुने नियमानुसार को पारिश्रमिकको शुरु स्केल ।

४. **परिक्षण पद्धति :** प्राप्त दरखास्त मध्येवाट देहायको आधारमा मुल्यांकन गरी सुचिकृत गरिनेछ ।

क. शैक्षिक योग्यता बापत ५० अंक ( प्रथम श्रेणी बापत ५०, द्धितिय श्रेणी बापत ४०, तृतिय श्रेणी बापत ३०) (क र ख को हकमा)

ख. कार्य अनुभव बापत २० अंक ( प्रति बर्ष २ अंकका दरले )

ग. स्थायी वसोवासको बापत ३० अंक ( सम्वन्धीत गा.पा ३०, जिल्ला भित्र २०, जिल्ला वाहिर १० )

५. **अर्न्तवार्ता :** मिति २०७४।९।१० गते सोमवार दिनको ठिक १२ :०० वजे

अर्न्तवार्ता मुल्यांकन अङ्क : क र ख को ३० अङ्क र ग को हकमा २० अङ्क

६. **दरखास्त साथ संलग्न गर्नुपर्ने :** दरखास्त फाराम साथ निम्नलिखित कागजात संलग्न हुनुपर्नेछ :

क. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

ख. नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ग. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि,

घ. दस्तुर वुझायको सक्कलै भौचर ।

पुनस्च : पेश गरिएका सवै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंमले हस्ताक्षर गरी प्रमाणीत गर्नुपर्नेछ ।

७. **दरखास्त दस्तुर :** इन्जिनियरका लागि रु १०००।- (एक हजार रुपैयाँ मात्र), अमिनका लागि रु ४००।- (चार सय रुपैयाँ मात्र) र सवारी चालकका लागि रु ३००।- (तिन सय रुपैयाँ मात्र)

८. **दरखास्त दर्ता :** दरखास्त फाराम लोकसेवा आयोगको निर्धारीत ढाँचामा भरी मादी गाउँपालिकाको कार्यालयमा वुझाउनुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत